रुरु गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ३ संख्याः २ मितिः २०७६/०२/२९ (अतिरिक्तांक)

भाग-१

रुरु गाउँपालिका

गुल्मी,५ नं.प्रदेश

## रुरु गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन , २०७६

सम्बत २०७६ को ऐन नं. २ गाउँसभाबाट पारित मिति :२०७६/०२/२९

# रुरु गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन , २०७६

**प्रस्तावना:** नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम रुरु गाउँपालिकाको पाचौ गाउँ सभाले यो ऐन बनाएको छ ।

१.**संक्षिप्त नाम, विस्तार र प्रारम्भ** :(१) यो ऐनको नाम "रुरु गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन रुरु गाउँपालिका क्षेत्रभित्र तुरुन्त लागु हुनेछ ।

२. **परिभाषा** : (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "ऐन" भन्नाले रुरु गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७६ सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले रुरु गाउँ कार्यपालिका सम्झनु पर्छ ।

(ग) "गाउँपालिका"भन्नाले रुरु गाउँपालिका सम्झनु पर्छ ।

(घ) "सभा" भन्नाले संविधानको धारा २२२ बमोजिमको गाउँसभा सम्झनु पर्छ ।

(ङ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

३. **नियम बनाउने अधिकार** : (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त रुरु गाउँकार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

४. <u>**निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्ने**</u>:(१) संविधान, ऐन तथा यस ऐन अन्तरगत वनेको नियमावलीको अधिनमा रही रुरु  गाउँकार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड वनाई लागुगर्न सक्नेछ ।

५. **बचाउ:-** (१) यो ऐन बन्नु भन्दा पहिला बनेका नियम, कार्यविधि, निर्देशन, मापदण्डहरु यसै ऐन वमोजिम बनेको मानिनेछ |

(२) यो ऐन बनुभन्दा पहिला भए गरेका कामकारवाहीहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ |

प्रमाणिकरण मिति :२०७६/०२/२९

आज्ञाले

चेतनाथ गिरी

प्रमुख प्रशासकीय अधिकृत